भाग २

नेपाल सरकार

कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमका अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६७ सालको अध्यादेश नं. ५

ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : ऋण तथा जमानत ऐन, २०२५ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका- संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिवाट यो अध्यादेश जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "ऋण तथा जमानत (अठारौं संशोधन) अध्यादेश, २०६७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन : ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "तीन खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "तीन खर्ब पचास अर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

प्रमाणीकरण मितिः- २०६७।८।४।७

आज्ञाले,

माधव पौडेल

नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ९२।-

आधिकारिकता मुद्रित मिति १५।०६।२०६३ प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।